Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74235
Research Article
ISSN: 3021-9035 Print

# सीमान्तकृत जातिः घर्ती/भुजेल

*विष्णु घर्ती 'भनभनेली'*
*gharti.bg@gmail.com*

## लेखसार

गतिशील समाजमा भएको परिवर्तनले त्यो बेलाको स्थितिका बारेमा बोलेको हुन्छ। समाज चिनाउने सवालमा मानव समूह एक प्रमुख तत्त्वका रूपमा रहेको हुन्छ भने सीमान्तकृत समुदायलाई पनि ओझेलमा पार्न मिल्दैन । परिवर्तनका पारिला पाखाहरूमा आदिवासी जनजाति समूहअन्तर्गत घर्ती/भुजेल पनि एक सीमान्तकृत समुदायको रूपमा रहेको छ। यो जाति हुनु र रहनुमा यसै समाजका अब्बल ऐतिहासिक तथ्य प्रमाणहरू हाम्रा सामु सजिएका छन् । यस्ता सामाजिक सवालहरूमा उसको विगतको अवस्था, जनसङ्ख्या, धर्म, भाषा, भेषभूषा, संस्कार/ संस्कृति, बसोबासको स्थान, राज्यसत्तामा सहभागिता, सामाजिक मूल्य मान्यता आदि पर्छन्। परिवर्तित सामाजिक जीवनका विभिन्न क्षेत्रमा घर्ती/भुजेलहरूको ऐतिहासिक विरासत र वर्तमान अवस्थालाई थप प्रष्ट पार्ने प्रयोजनार्थ प्रस्तुत आलेख केन्द्रित रहेको छ।

## शब्दकुञ्जी

ख्वरो, गोठपूजा, पूजारामे, भुजी, शमानी, शिवभक्ति

## विषय प्रवेश

सामाजिक अगाडि आउन नसकेको जातिमध्ये घर्ती/भुजेल पनि एउटा सीमान्तकृत आदिवासी जनजाति हो । २०५९ सालमा सरकारबाट ५९ जातीय समूहलाई आदिवासी/जनजातिमा सूचिबद्ध गर्दा ३४ नम्बरमा घर्ती/ भुजेललाई राखिएको छ। समाजमा धेरै खालका उथलपुथल ल्याउने भनेको राजनैतिक परिवर्तनले हो। नेपालमा विभिन्न प्रकारका राज्यसत्ताहरू चल्दै र ढल्दै आएको देखिन्छ । त्यसैका आधारमा सामाजिक सवालहरू पनि प्रभावित हुने गर्दछन्। श्रमका आधारमा वर्ण र जातको विभाजन गरियो। समाजको गतिशीलतामा यो जातिको छुट्टै रूपमा गहनतम अध्ययन गरेको कमै पाइन्छ। सामाजिक परिवर्तनका लागि होमिएका विभिन्न तहका नीति निर्मातालाई घर्ती/भुजेल जाति बारेमा विस्तृत रूपमा जानकारी दिनुपर्ने अवस्था छ। यो समुदायको यथार्थ पहिचान गराउनु आजको आवश्यकता हो। संस्थागत रूपमा भुजेल समाज भनी दर्ता भए तापनि ऐतिहासिक तथ्य र प्रमाणहरूका आधारमा घर्तीलाई स्वीकारिएको छ। नेपालमा घर्ती थरका केही मानिसहरूले आफूलाई क्षत्रीमा वर्गीकरण गरेका छन् भने कसैकसैले लुकीछिपी जनजातिको सिफारिस बनाउने क्रम बढ्दो छ। आफ्ना उत्तराधिकारीप्रतिको उत्तरदायित्वलाई भुलिएको अवस्था छ। यस जातिका केही मान्छेहरूले आफ्नो यथार्थ थात, जात र थर भन्न र लेख्न हिच्किचाउँदै घर्तीक्षेत्री (जी. सी.), घर्तीमगर (जी.एम्.), थापा, क्षेत्रीलगायतका थर उपथर बताउने र लेखाउने प्रचलन बढ्दै गएको छ।

## अध्ययन विधि

यो जातिको इतिहास, स्थान, संस्कृति, संस्कार, भाषा, धर्मकर्म, चालचलन, रीतिस्थिति, लबाइखबाई आदि जीवन्त पार्नका लागि आवश्यक पर्ने नीतिनिर्माणमा सक्रियता देखाउनुपर्ने देखिन्छ । यसै सन्दर्भमा प्रस्तुत अध्ययन/ अनुसन्धानका लागि विभिन्न खाले सामग्रीको सूची तयार

पारेर सम्पर्क समन्वय र प्रत्यक्ष भेटघाटलाई अगाडि बढाइयो । विभिन्न पुस्तकालय र पुस्तक पसलबाट थप सामग्री जुटाई यस जातिसँग सम्बन्धित केही ऐतिहासिक तथ्यहरूलाई केलाउने काम गरिएको छ । यस्ताखालका प्रसङ्गहरूलाई सत्य र तथ्यका आधारमा थप विश्लेषण गरिएको छ । तथ्य, तथ्याङ्क र भौगोलिक विवरणको प्रस्तुतीलाई प्राथमिकता दिदै तुलनात्मक विधिसमेत आत्मसाथ गरिएको छ। आफ्नो जातीय समुदायको यथार्थ पहिचान र हितका लागि सबै घर्ती/भुजेल/खवास बन्धुहरू एकै विचारबाट अगाडि बढ्ने कुरालाई जोड दिइएको हो।

## *घर्ती/भुजेल जाति*

विभिन्न शब्दकोषहरूमा यस जातिलाई कतै फरक त कतै एउटै अर्थ लगाउन खोजिएको बुझिन्छ । स्पष्ट लिखित वा तथ्याङ्क पनि प्राप्त हुन नसकेकोले प्रष्ट पार्न सकेको देखिदैन । धर्तीलाई नै आफ्ना मातापिता मानेर सदासर्वदा धतिकै सेवा गर्ने भएकोले धर्ती पुत्र भन्दाभन्दै पछि घर्ती भन्न थालियो (घर्ती. २०६७. पृष्ठ.१७)। यो जातिलाई पूर्वी नेपाल र भारतसम्म भुजेल र खवास भनी चिनाउछन्। गुल्मी र रुकुमका जाड्या राजाका सन्तान घर्तीमा परिवर्तन भएको विश्वास गरिन्छ। खासमा तक, शेरा हुँदै ढोरपाटन, भुजी उपत्यकामा फैलिएका घर्ती जाति नै यसरी भुजेलमा परिवर्तन भएका हुन् (भुजेल जागरण, २०६२, पृ. २७)। भुजेल जातिको इतिहास घर्ती जातिबाट सुरु भएको हो र घर्तीबाट भुजेल, निसेल, खवास, आदि विभिन्न उपभेदमा विभाजन बन्न पुगेको देखिन्छ (भुजेल, २०६२, पृ. ५४)। देशको बसोबासलाई हेर्दा पूर्वमा भुजेल थरको बाहुल्यता र खवासको केही कम देखिन्छ भने पश्चिममा घर्ती थरको बाहुल्यता र भुजेलको केही कम देखिन्छ । पश्चिमका घर्तीहरूको बुझाई र पूर्वका भुजेलहरूको बुझाई समान छैन । संस्थाहरूका नाममा भुजेल मात्रै उल्लेख गर्नाले पश्चिमका घर्तीहरू सङ्गठित हुनबाट बाहिरै रहेको देखिन्छ। सरकारी आधिकारिक दस्तावेजमा घर्ती/भुजेल भनी उल्लेख गरिएको छ । अहिले अस्तित्त्वमा रहेका घर्ती, भुजेल, खवास, थापाघर्ती, रानाभुजेल, रोका, जीटी, शिवभक्ती आदि सबै पद नाम गरेका थरहरूको ऐतिहासिक प्रमाण जस्तै– जग्गाधनी पुर्जा, चिना टिप्पन, तमसुक, राजीनामा आदि पुराना कागजातहरूमा घर्ती मात्रै उल्लेख भएको पाइन्छ । तमघास खानीगाउँ (पुरानो घर्ती गाउँ) निवासी वरिष्ठ समाजसेवी रुद्रबहादुर भुजेलको हजुरबुबाको लिखत र आफ्नै चिनामा समेत घर्ती भएको कुरा बताउनु भएको छ भने खानीगाउँका १४/१५ घर काउछा मगर लेखाउँने व्यक्तिहरू पनि घर्ती नै छन्। उनीहरूलाई काला घर्ती भनिन्छ (रुद्र बहादुर भुजेल, ७०, सँगको छलफल, २०६६)।

देवघाट, तनहुँमा गरिएको एक अध्ययन/अनुसन्धानले अहिले यस जातिमा मुख्य घर्ती, भुजेल, निसेल र खवास गरी ४ थर छन् भने घर्तीका ६१, भुजेलका ४०, निसेलका ३८ र खवासका ४ वटा उपथर रहेको देखिन्छ (भुजेल, २०६२, पृ.६६ र ६७)। यी ११८ थरहरू प्राचीन समयमा समेत आदिवासी/जनजाति नै थिए। 'द गोर्खाज' भन्ने पुस्तकमा घर्ती, थापा र रानामध्ये एकथरी बाहुनसँगै जनै थापेर शुद्ध खस जातिमा बढोत्तरी भए भने अर्को थरीलाई मगर जातिसरह मानिएको छ। घर बनाउन दक्ष भएकोले तँ घरिउ घोर्ते (एकछिन सघाउँ) भन्दाभन्दै घोर्तेबाट घर्ती हुन गएको हो भनिन्छ। घरमा काम गर्न बसेको व्यक्तिलाई घरदाई भन्दाभन्दै घर्ती भन्ने गरिएको रहेछ (जी.सी, २०६९, प. १२७–१२८)।

## *सङ्ख्यात्मक विवरण*

२०४८ सालको राष्ट्रिय जनगणनामा घर्ती/भुजेल उल्लेख छैन। २०५८ सालमा पहिलो पटक यस जातिको गणना सुरु गरिदा ५९ जिल्लामा १,१७,५६८ जना उल्लेख गरिएको छ। त्यसैगरी २०६८ सालमा महिला ६२,४८६ र पुरुष ५६,१६४ गरी १,१८,६५० अर्थात ०.५१% जनसङ्ख्या रहेको छ भने २०७८ सालको जनगणनामा १,२०,२४५ अर्थात ०.४१% रहेको देखिन्छ। यसमा खवासलाई छुट्टै राखिएको छ, जसको सङ्ख्या २२,५५१ अर्थात ०.०८% रहेको छ। पूर्वतर्फ रोका र पश्चिमतर्फ रोकाय थर क्षेत्रीमा रहेको पाइन्छ। यस जातिको मानव विकास सुचकाङ्क

अतिकमजोर रहेको छ भने साक्षरता ०.३९% को हाराहारी, देखिन्छ। १० वर्षको अन्तरालमा १४०० जना मात्र बृद्धि भएको देखाइनुलाई मिथ्याङ्कको नमुनाका रूपमा लिन सकिन्छ। जसले यस जातिका मान्छेहरू आफूलाई घर्ती/भुजेल हुँ भन्न सक्ता रहेनछन् भन्ने कुरालाई सजिलै स्वीकार्न सकिन्छ। जातीय थरअनुसारको सङ्ख्यालाई हेर्दा घर्ती/रोकाहरू ८७.७३%, भुजेलहरू ८.४१% र खवासहरू ४.१६% रहेको देखिन्छ।

## *भुजी राज्य/उपत्यका*

८०० वर्षभन्दा बढी समय राज्य सञ्चालन गरेको सन्दर्भमा यो जातिको इतिहासलाई खास महत्त्व नदिनाले हाम्रो उचित इतिहास लेखिएन। नेपालको ऐतिहासिक कालखण्डमा विभिन्न बंशीय शासन व्यवस्था चल्दै आएको पाइन्छ। जस्तै : गोपाल, अहिर, किराँत, लिच्छवि, मल्ल, बाईसीचौबिसी, शाह, राणा आदि। यसैगरी विभिन्न राज्य सत्ताहरूमा पञ्चायत, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र आदि चल्दै आउँदा यस जातिका मान्छेहरूको योगदान उल्लेख्य रूपमा देख्न सकिन्छ। पश्चिमतर्फ चलेका बाईसी र गण्डकी क्षेत्रमा चलेका चौबिसी राज्यहरू, मुस्ताङ्मा चलेको विष्ट राज्य, पाल्पा/मकवानपुर क्षेत्रमा चलेको सेन राज्य, पूर्वीतराईमा चलेको डोय राज्य, पूर्वमा चलेको किरात राज्य, कर्णालीमा चलेको खस राज्य आदिका बारेमा उल्लेख गरेको पाइन्छ। तर यस जातिले सञ्चालन गरेको भुजी राज्य, घर्ती/भुजेल राजाहरू र राज्यसत्ताका बारेमा पर्याप्त तथ्याङ्क/इतिहास पाउन सकिएन।

लिच्छविकालीन राजा मानदेव (वि.सं. ५२१–५६२) को शासन अवधिको सुरुवात हुँदाका बखतदेखि नै घर्ती/भुजेलको पनि भुजी राज्य आरम्भ भएको देखिन्छ भने मल्ल शासनका पालामा भुजेल राज्यको अन्त्य भएको पाइन्छ। विक्रम सम्वत्को पाँचौ, छैटौँ शताब्दीतिरै तिब्बततिरबाट आएको एउटा मानव समूह रुकुम, बाग्लुङ (ढोरपाटन), गुल्मी, रोल्पा आदि स्थानमा पशुपालन तथा खेती किसानमा लागेर आफ्नै छुट्टै राज्यसमेत खडा गरेका थिए (भुजेल, २०६२, पृ. ५३)। अर्नाकोटमा अहिले पनि भुजेल राजाको दरबारको भग्नावशेष पाइन्छ। वि.सं. १३७२ सम्म ढोरपाटनको अर्नाकोट, बोबाङ र देउरालीमा भुजेल राजाहरूले बाईस पुस्तासम्म राज्य सञ्चालन गरेको इतिहास पाइएको छ (भुजेल जागरण, २०६२, पृ. २७)। बाग्लुङ्ग जिल्लाको राजकुट नजिकमा रहेको अर्नाकोटमा पहिलेको भुजेल राजाहरूको कोत थियो (भुजेल जागरण, २०६२, पृष्ठ.४८)। भुजेलहरूको राज्यमा गलकोट तथा रुकुम राज्यका संस्थापक राजा डुगरसिंह मल्ल समालका सन्ततिहरूद्वारा हमला भयो र भुजेलहरू पराजित भए (भुजेल जागरण, २०६२, पृ. २९)। यस जातिका पुर्खाले त्यस बेलाका ज्यादै बलिया राज्यहरू रुकुम, ढोरपाटन र चारहजार पर्वत वरपर राज्य गरेका थिए। (भुजेल, २०६२, पृष्ठ.४९)। त्यस बेला घर्ती, भुजेलहरू वैभवशाली, शक्ति सम्पन्न, पारखी, बुद्धिमानी जाति भन्ने बुझिन्छ।

## *शासनसत्तामा सहभागिता*

प्राचीन नेपालदेखि गणतन्त्रात्मक नेपालसम्म आउँदा यस जातिका मान्छेहरू कुनै न कुनै प्रकारमा राज्यसत्तामा सहभागी रहेको देखिन्छ। दामोदर पाँडेका साथ टक्सारी भीम खवास र उनका तीन भाइछोराहरू इत्यादिलाई पनि भद्रकालीमा काटियो (उपाध्याय, २०५५, पृष्ठ. १९७)। रणबहादुर शाहले मुख्तियार भएको २० दिनपछि काजी त्रिभुवन खवासलाई उनकै घरमा कैद गरेर सर्वश्वहरण गरे (उपाध्याय, २०५५, पृ. १९८)। १८३१ पछि विजयपुरको प्रशासनको लागि सुब्बाहरू (साविक अञ्चलाधीश वा क्षेत्रीय प्रशासकसरह) खटाउँदा १५ ओटा सुब्बामध्ये १८५५ मा सुब्बा गर्भु खवास रहेको विवरण देखिन्छ (नेपाल, २०४०, पृ.२८१)।

विद्रोही योद्धाको सङ्ख्या ठूलो रहेको अर्जी आएपछि श्री ५ को सरकारले काजी देवदत्त लामासहित पुराना गोरखाका सुबेदार अम्भोज खवासलगायत खटिएका थिए (दिक्पाल, २०७६, पृ.११)। वि.सं.१८६४ सालमा मच्चिएको गोरखा–माझ किराँत बिद्रोहमा बाहुन, क्षेत्री, खम्बू (राई) र घर्ती गरी १९ जना सजायको भागिदार बने। बाहुनको ज्यान नलिने गोरखाली राजाको नीति भएकोले क्षेत्री, राई

र घर्तीहरू सबैको ज्यान हरण गरियो (दिक्पाल, २०७६, पृ.५५)। त्यो विद्रोहमा सामेल पाँच जना घर्ती (कनकसिंह घर्ती, केसर घर्ती, धीजे घर्ती, बन्दु घर्ती र गजसिंह घर्ती) लाई पनि काटियो र उनीहरूका छोराको अंश र कपीला (सन्तान) लाई छाडियो (दिक्पाल, २०७६, पृ. ५६)।

गुल्मीको इतिहासअनुसार राजा मानिक मल्लले आफ्नो भारदारीमा हर्क्या घर्तीक्षत्री, इन्द्रे घर्तीक्षत्रीलाई खटाएका थिए (सुवेदी, २०५५, पृ. ७१)। राजा राजेन्द्रको पालामा सरकारका उच्च पदका चार काजीमध्ये एक जना जनरल गगनसिंह खवास थिए। वि.सं. १९०३ को कोतपर्वमा जङ्गबहादुरको षडयन्त्रले गगनसिंह खवास नमारिएका भए प्रधानमन्त्री बन्ने निश्चित भएको कुरा इतिहासकारहरू बताउँछन् (उपाध्याय, २०५५, पृ.२४८)। वि.सं. १९१० मा मुलुकी ऐन लागू गर्दा काजी भारदारमा जग्यबहादुर घर्ती र लेप्टेन चम्पसिंह घर्ती पनि थिए (भुजेल जागरण, २०६२, पृ.२८)। गोरखा राज्यको स्थापना गर्दा द्रव्य शाहलाई सबैभन्दा ठूलो सहयोग पुऱ्याउने श्री मुरली खवास थिए (भुजेल र तामाङ, २०५८, पृ.२८)।

२००७ को प्रजातान्त्रिक आन्दोलनमा भैरहवाको मोर्चा लिने क्रममा पूर्वी किल्लामा लेफ्टिनेन्ट देवीबहादुर घर्तीले पनि ब्रेनगन लिई डिफेन्स लिएर बसेका थिए। २००७ को भारदारी सभाका एक निर्वाचित सभासद् रणबहादुर घर्ती गुल्मीका थिए (घर्ती, २०६७, पृ. ३०)। वडा अध्यक्षदेखि मन्त्रीसम्म बन्न सफल व्यक्तित्व बालाराम घर्ती (मगर) रोल्पाका हुन्। उनी २०१८ सालमा वडा सदस्य निर्वाचित भएका थिए भने २०१९ सालदेखि २०५१ सम्म ७ पटक रोल्पाबाट निर्वाचित भए (टुडे, २०७४, पृ. दृष्टिकोण)।

जब समाजमा विभिन्न खालका भेदभाव, उत्पीडन, दमन, शोषण, उचनिच आदि गरिन्छ, त्यसको अन्यायका लागि सामुहिक रूपमा उठाएको कदम थियो जनआन्दोलन। विशेषगरी जनयुद्धको समयमा विभिन्न जिल्लाबाट अर्घाखाँचीलाई कार्य क्षेत्र बनाई आएका नेता कार्यकर्ता तथा अर्घाखाँचीमै घर भएका गरी यस जातिका १० जना व्यक्तिहरूको बलिदान विभिन्न समयमा भएका घटना दुर्घटनामा भएको पाइन्छ (दर्लामी, २०७७, पृ.१६२–३१५)। सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मी अध्यक्ष रहेको २०६९ सालको मन्त्रिपरिषद् (२०६९।१२।०१ देखि २०७०।१०।२८ सम्म) सदस्यमा लमजुङका टेक बहादुर घर्ती थापा (पूर्व कृषि सचिव), कृषि विकास, वन तथा भूसंरक्षण मन्त्री हुनुभयो।

## *बाईसी चौबिसी राज्यहरू*

बाईसी राज्यमा दाङ्को बर्णन गर्दा घर्ती जातिबारे पनि उल्लेख छ। घर्ती शुद्ध र अशुद्ध दुवै भएको र शुद्ध घर्तीलाई खसिया भनिने र अशुद्ध घर्ती (मिसाल र भुजाल) लाई निसेल र भुजेल हो भनिएको छ (भुजेल, २०६२, पृ. १०)। राजा तिलविक्रम सिंह शाहले आफ्ना गुरु जनमेजेय अर्ज्याललाई वि.स. १७३१ मा दिएको एउटा सुन्दर रसिलो राहालेको खरकको दानपत्रमा साक्षी गङ्गाराम घर्ती पनि उल्लेख गरेको पाइन्छ (गुल्मी परिचय, २०६२, पृ. ३६)। इस्मालीराजा श्रीपति भट्ट अर्ज्यालले अमरभूमिको दुर्ग (किल्ला) मा घर्ती र रोक्काहरूलाई समेत बसालेका थिए (गुल्मी परिचय, २०६२, पृ.३६३)। यो राज्य अन्तरगत पण्डित टोलाभित्रको मरभुङ मौजामा गिरी, पुरी, घर्ती, रोकामगर, घर्तीक्षेत्री, थापामगर, खत्री र लम्साल, वाग्ले, गौतम, रेग्मी, घिमिरे, अर्ज्याल थरका बाहुनहरू बस्दथे (गुल्मी परिचय, २०६२, पृ. ३७)। राजकुमार विजयप्रताप सिंह र रानी मातृका सिंहले आफू चित्तौडगढबाट मुसिकोट, गुल्मी आउँदा साथमा आएका जातजातिहरूमा रिजाल, पङ्गेनी, घिमिरे, गोदार, थापाक्षेत्री, सुथरा कार्की, घर्ती, सुनाल दमै र छिनाल कामी थिए (सुवेदी, २०५५, पृ. ६२)। सात सय वर्ष पहिले जुम्लाबाट गुल्मी, धुर्कोटमा राजा आउँदा मैतु (धामी) घर्तीलाई समेत ल्याई राज्य थालेको इतिहास फेला परेको छ। यस धुर्कोट राज्य वरपर तथा सदरमुकाम तमघासमा घर्ती/भुजेलको कूल पूजामा मैतु धामी घर्तीको सम्झना गरिएको स्थिति छ (सुवेदी, २०५५, पृ. ३०)। यो कोटको पूजारी, आठपहरिया र भारदारमा घर्ती समावेश थिए। धुर्कोट रजस्थल मौजाका जिम्मावाल मुखिया

तालुकदारमा घर्ती पनि थिए (सुवेदी, २०५५, पृ. ३१)। पाल्पाका कमाण्डर इनचिफ जनरलले पत्याउने एक व्यक्ति तालुकी कबल गर्दा पुर्कोट तल्लावनका घर्तीलाई छानेका थिए (घर्ती, २०६७, पृ. ३४) बाँझकटेरी निवासी तत्कालीन मुखिया कविराम भुसालका थुप्रै समकालीनमध्ये वा उहाँले सम्झने केही भरोसाका व्यक्तिमा होल्वाङ्गका चन्द्रबहादुर घर्ती पनि एक थिए (घर्ती, २०६७, पृ. ३४)। यही क्षेत्रका साहित्यकार सूब सेनका अनुसार बाँझकटेरी, गुल्मी वरपरका आदिवासी घर्ती, झाँक्री, मगरको क्षेत्र भुसालको क्षेत्रभन्दा बाहिरको थियो (घर्ती, २०६७, पृ.३४)। अढाई सय वर्ष पहिले (१८००–१८२५ तिर) चन्द्रकोट (शान्तिपुर) निवासी सुवेदी ब्राह्मणका सन्तान मानसिंहले घर्ती, राना, पुन, थापा इत्यादि थरका मानिस बसोबास भएको भाडगाउँमा घर्तीलाई बसालेका थिए (घती, २०६७, पृ. २७)। गत वर्ष जुभुङ्गका स्थानीय युवाहरूले भुजेलमारा भन्ने स्थानको सामान्य उत्खनन गर्दा भवनको केही भग्नावशेष तथा केही औजारहरू फेला पारेका छन्। साथै अन्य जिल्लाको पनि थप विवरण प्राप्त गर्न बाँकी नै छ।

## *ख्वरो (राजा) हरू*

बाग्लुङ जिल्ला अर्नाकोटमा चलेको घर्ती/भुजेल राज्यमा शासन गरेका अगुवा/राजाहरूको शासनकालको अवस्थालाई केलाउदा प्रथमदेखि आठौँ पुस्तासम्मको विवरण फेला पर्न सकेको छैन भने नवौँ पुस्ताका दिन्तोहले पुख्याल (वि.सं.८५०–८९०) देखि बाइसौं पुस्ताका भुजङ्ग पुख्याल (वि.सं.१३५१–१३७२) सम्म १४ जनाले करिब ८२० वर्ष आफ्नो एकल राज्य सञ्चालन गरेको पाइन्छ। यसरी हेर्दा वि.सं. ८५० देखि १३७२ सम्म ६ जना घर्ती र ८ जना पुख्याल थर उल्लेख भएका ख्वरो (राजा) हरूले ५२२ वर्ष राज्य हाँकेको देखिन्छ भने वि.सं. ८५० भन्दा अगाडि आठौँ पुस्तासम्मका अज्ञात ख्वरो (राजा) हरूले करिव २९८ वर्ष राज्य स्थापना गरेर निरन्तरता दिएको पाइन्छ। नवौँदेखि बाईस पुस्तासम्मका राजाहरूको औषत शासन काल ३७ वर्षभन्दा बढी देखिन्छ। यसैलाई आधार मान्दा प्रथमदेखि आठौँ पुस्तासम्मको शासन अवधि २९८ वर्ष उल्लेख गरिएको हो। यसरी हेर्दा वि.सं. ५२० देखि १३७२ सम्म जम्मा ८२० वर्ष राज्य चलाएको देखिन्छ। नवौँदेखि बाइस पुस्तासम्मका ख्वरो (राजा) हरूको राज्य काल हेर्दा सबैभन्दा बढी तेह्रौँ पुस्ताका ह्यामतु घर्ती (वि.सं. १००२–१०५०) ले ४८ वर्ष र सबैभन्दा कम अन्तिम भुजेल राजा बाइसौँ पुस्ताका भुजङ्ग पुख्याल (वि.सं.१३५१–१३७२) ले २१ वर्ष राज्यसत्ता सुसञ्चालन गरेको व्यहोरा उल्लेख गरिएको छ (धरानका खोजकर्ता लक्ष्मण भुजेल, ७२ सँगको पाण्डुलिपी, २०७१)।

## *निर्वाचनहरूमा निर्वाचित*

शासन सञ्चालक छान्ने माध्यम निर्वाचन प्रणाली हो। लोकतन्त्रपछि समावेशी सहभागिताको सिद्धान्तमा आधारित निर्वाचनहरूले यस समुदायलाई अगाडि ल्याउन मद्दत पुऱ्याएको छ। यसै क्रममा २०६४ सालमा सम्पन्न ऐतिहासिक संविधान सभा निर्वाचनको परिणामले ३६% आदिवासी जनजाति सभासद्हरू समावेश भएको स्थिति देखिएको छ। प्रत्यक्ष र समानुपातिक गरी जम्मा ६०१ जनामा २१५ जना अर्थात ३५.७८% जनजातिहरू रहेका छन्। जुन तथ्यमा घर्ती/भुजेल जातिका १ जना (उमा भुजेल, नेकपा माओवादी केन्द्रबाट समानुपातिक) परेको देखिन्छ (निर्वाचन परिणाम, २०६४)। ११ जिल्लामा पाँचौदेखि माथिको स्थान प्राप्त गरेका थिए। समानुपातिक सूचीमा ४२ जना समावेश भएकोमा ५ जना (महिला २ र पुरुष ३ जना) दुई दलबाट रहेको देखिन्छ (घर्ती, २०६७, पृ. १७–१८)। २०७० सालको संविधानसभा निर्वाचनको प्रत्यक्षतर्फ यस जातिका १६ जना (महिला २ र पुरुष १४ जना) १३ वटा फरकफरक दलहरूबाट उम्मेदवार बनेको अवस्था छ (निर्वाचन परिणाम, २०७०)।

२०७४ सालमा प्रतिनिधसभा सदस्यहरू २६४ जनामा ३ जना (ओनसरी घर्ती, कमला रोका र जयपुरी घर्ती) नेकपा माओवादी केन्द्रबाट प्रतिनिधित्व भएको थियो। २०७४ कै स्थानीय तह सदस्य निर्वाचनमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र वडा अध्यक्षहरूको विवरण हेर्दा ४० जिल्लाका १०९ स्थानीय तहमा १७६ जना यस जातिको

तर्फबाट निर्वाचित भएको देखिन्छ। यसैगरी वडा सदस्य यो सङ्ख्याको तीन गुणामा रहेको अवस्था छ (निर्वाचन परिणाम, २०७९)। पछिल्लो समयमा यस जातिको सङ्ख्या घट्दै गएको देखिन्छ। २०७९ सालमा प्रतिनिधिसभा सदस्य २७५ जनामा इश्वरी घर्ती (नेकपा एमाले) र पूर्ण बहादुर घर्ती (नेकपा माओवादी केन्द्र) हुनुहुन्छ। जिल्ला समन्वय समितितर्फको नतिजालाई हेर्दा कोशी, मधेस र बाग्मती बाहेक ४ वटा (गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम) प्रदेशका १० जिल्लामा प्रमुख, उपप्रमुख तथा सदस्य गरी १३ जना निर्वाचित भएको देखिन्छ (निर्वाचन परिणाम, २०७९)। त्यसैगरी २०७९ को स्थानीय तह सदस्य निर्वाचनमा २०७४ सालकै हाराहारीमा सहभागिता जनाएको पाइन्छ।

## *दासप्रथाको दबदबा*

नेपालमा दास (करिया) प्रथा चलिरहदा यो जातिका मान्छेलाई मात्र दासदासी बनाइएको होइन। त्यस बेलाका धनी मानिसहरूले कमाराकमारी राख्ने र जनावरजस्तै किनबेच गर्थे। ऋण तिर्न नसक्ने आसामीहरूले धरौटीमा आफ्ना सन्तानलाई कमाराकमारीका रूपमा साहुलाई जिम्मा लगाउथे। यसरी राखिएका कमाराकमारी पनि मालिकसँग सती जान्थे। अंशियारहरूमा अंशबण्डा गर्दा दासदासी पनि बाँडचुँड गरिन्थे (उपाध्याय. २०५५.पृष्ठ. ३१८)। सन् १८०६ को एउटा ताम्रपत्रमा बुद्धिरेखा गोदारनीले धनावती नामकी कमारीलाई पुण्य पाउन फूल, अक्षता, नैवेद्यजस्तै पशुपतिमा चढाइदिइन् (उपाध्याय, २०५५, पृ. ३१८) भनी उल्लेख गरेको पाइन्छ। पश्चिम नेपालमा अहिले पनि देउकी प्रथा यसैको अवशेषका रूपमा विद्यमान रहेको छ। पृथ्वीनारायण शाहले सन् १७८६ मा काठमाडौँको लुटिकोट गाउँका धनदत्त नेवारलाई मालिकले दुःख दिएकाले दासमुक्त गरिदिए (उपाध्याय, २०५५, पृ. ३१९)। रणबहादुर शाहले ब्राह्मण, राजपूत तथा अन्य जातिकालाई जबरजस्ती दासदासी बनाउन नपाउने कडा आदेश दिएका थिए। सन् १८०९ मा भिमसेन थापाले चारै वर्णलाई आफ्ना छोराछोरीलाई भोटे र मुसलमानहरूलाई बेच्न नदिनू भन्ने निर्देशन दिएका थिए। सन् १८३६ मा अर्को एक आदेश भएअनुसार प्यूठानका मगर जातिले आफ्नो छोराछोरीलाई दासका रूपमा बेचविखन गर्न बन्देज लगाइएको थियो (उपाध्याय, २०५५, पृ. ३१९)।

अप्रिल १९२५ मा चन्द्रशमशेरले दासदासीलाई मुक्त गर्ने नियम बनाए। करियालाई अमलेख गर्ने कामका लागि सरकारले पशुपतिनाथको गुठीबाट ३६ लाख ७० हजार रुपियाँ झिकेर मालिकलाई बुझाइएको थियो (उपाध्याय, २०५५, पृ. ३२०)। यसरी पशुपतिनाथको गुठीबाट रकम झिकेर अमलेख (स्वतन्त्र) गरिएका हुनाले यिनलाई शिवभक्त भनियो। यिनीहरूलाई बस्ने बन्दोबस्त मिलाइएको भिखनाठोरी भन्ने ठाउँलाई अमलेखगञ्ज भन्ने नाम दिइयो –उपाध्याय, २०५५, पृ. ३२०)। मासिन्या जात भनेको मार्न वा दासदासी बनाउन सकिने जात हो। युद्धको समयमा पक्राउ गरिएका महिला तथा बालबालिकालाई कमाराकमारी बनाउने प्रचलन थियो। जातीय युद्धबाहेक कुनै पनि युद्धमा यो जातिका मान्छे मात्रै करिया रहदैनथे होला। यदि रहेको भए अहिले करियाको जनसङ्ख्या पनि त्यसै अनुपातमा बढेको हुनुपर्ने हो। तर आज त्यस्ता दासका सन्तान हामी हौं भन्ने व्यक्ति बिरलै पाइन्छन्। के तिनीहरू नेपाल छाडेर बाहिर गए ? त्यो कदापि होइन। केही व्यक्ति बाहिर पनि गए होलान् त्यो अर्कै कुरा हो।

## *पहिचानका भौगोलिक नामहरू*

हाम्रो विगतको ऐना, जातीय गौरवको शान र ऐतिहासिक र भौगालिक प्रमाण हो धर्ती र घर्तीको सम्बन्ध। जहाँजहाँ घर्तीहरू पुगे त्यहाँत्यहाँ ठुलाठुला चौर, खर्क वा टारहरूमा घर्तीहरूले प्रथम पटक आवाद गरेर खेतीपाती गरेका उदाहरण थुप्रै भेटिन्छन् (भुजेल जागरण, २०६२, पृ. ३०)। त्यसैगरी भुजेलहरू पनि जहाँ गएर बसे, त्यहाँ आफ्नै वर्चस्व जमाए। यस्ता ऐतिहासिक स्थलका बारेमा विहङ्गम रूपमा सोधखोज गर्न बाँकी नै छ।

१. घर्तीगाउँ (रोल्पा), २. घर्ताकोट र घर्ताखोला (रुकुम), ३. घर्तीछाप (काभ्रेपलाञ्चोक) ४. घर्तीटोल (सल्यान), ५. घर्तीस्वाँरा (स्याङ्जा), ६. घर्तीचौतारा (तनहुँ), ७. भुजेल गाउँ (तनहुँ), ८. भुजौली (रूपन्देही), ९. भुजेलथान (पर्वत), १०. घर्तीखोर, भुजेलपानी र रोकाचौर (अर्घाखाँची), ११. घर्तीथोक (बाग्लुङ्ग र म्याग्दी), १२. भुजीखोला र भुजी

### *भाषा र भेषभुषा*

जनजातिका भाषाहरू साँचो अर्थमा सबै मातृभाषीहरूको संस्कृतिको धरोहर हो, जातिको ढुकढुकी हो र मुटुको स्पन्दन

उपत्यका (बाग्लुङ्ग), १३. घर्तीबारी र घर्तीटार (धादिङ्ग), १४. भुजई चोक (नेपालगञ्ज), १५. भुजेलटार (भक्तपुर) आदि।

### *गुल्मी जिल्लाका स्थल नामहरू*

| | | |
|---|---|---|
| १. भुजेलटाँरी– | मदाने गा.पा. ३ | (साबिक सिर्सेनी गा.वि.स. १) |
| २. घर्तीकाचौर – | मदाने गा.पा. ७ | (साबिक भनभने गा.वि.स. ७) |
| ३. भुजेलथान – | मालिका गा.पा. ३ | (साबिक ह्वाङ्दी गा.वि.स. ३) |
| ४. घर्तीफाँट र घर्तीयाबारी – | इस्मा गा.पा. २ | (साबिक हस्तिचौर गा.वि.स. ९) |
| ५. भुजेलधारा – | धुर्कोट गा.पा. १ | (साबिक नयाँगाउँ गा.वि.स. ४) |
| ६. खवास टोल र घर्ती टोल – | धुर्कोट गा.पा. ३ | (साबिक हाडहाडे गा.वि.स. १) |
| ७. खवास टोल – | धुर्कोट गा.पा. ६ | (साबिक धुर्कोट रजस्थल गा.वि.स. २) |
| ८. भुजेलखर्क – | रेसुङ्गा न.पा. ७ | (साबिक तमघास गा.वि.स. ८) |
| ९. खानीगाउँ (पुरानो घर्तीगाउँ) – | रेसुङ्गा न.पा. ९ | (साबिक तमघास गा.वि.स. ५) |
| १०. भुजेल छोल – | रेसुङ्गा न.पा. १३ | (साबिक दुबिचौर गा.वि.स. ३) |
| ११. घर्ती टोल – | गुल्मीदरबार गा.पा. १ | (साबिक बलिथुम गा.वि.स. ३) |
| १२. भुजेलमारा – | गुल्मीदरबार गा.पा. २ | (साबिक जुभुङ्ग गा.वि.स. १) |
| १३. भुजेलपानी – | गुल्मीदरबार गा.पा. ३ | (साबिक गौडाकोट गा.वि.स. ९) |
| १४. घर्ती टोल – | चन्द्रकोट गा.पा. ४ | (साबिक शान्तिपुर गा.वि.स. ७) |
| १५. घर्तीडाँडा – | सत्यवती गा.पा. ६ | (साबिक जुहाङ गा.वि.स. ४) |

*(घर्ती. २०६७. पृष्ठ. २२८)*

हो। भाषाको लोप भनेको क्रमिक रूपमा जाति र संस्कार संस्कृति समेतको लोप हो। अबका दिनमा लोप होइन लोकप्रीय बनाउँदै जानु पर्दछ। भुजेल भाषालाई यिनीहरूले पुख्याल ङुर् (भुजेल कुरा) र बेमातृभाषीले भुजेल भाषा भनेका छन्। २०७८ सालको जनगणनामा मातृभाषा भुजेल बोल्नेको सङ्ख्या १३,०८६ (०.०४%) देखिन्छ। डा. दानराज रेग्मीका अनुसार भाषाका दृष्टिले यो जाति लोपोन्मुख समूहमा पर्छ। भोट बर्मेली भाषा परिवारमा पर्ने भुजेल भाषा झण्डै चेपाङ, गुरुङ र मगर भाषासँग केही प्रतिशत मिल्दोजुल्दो छ (भुजेल र तामाङ, २०५८, पृ. ७०)। भाषागत रूपमा खाम भुजेल र भुजेल भाषामा विभाजित यो भाषा चेपाङभन्दा पुरानो र यसलाई घर्ती भाषा पनि भन्ने गरिन्छ (भुजेल जागरण, २०६२, पृ.१२)। तर क्रमशः घर्ती भाषाको बारेमा उल्लेख कतै पनि गरेको पाइदैन र लोप प्रायः अवस्थामा पुऱ्याइएको छ। घर्ती भाषाको पनि पुनर्जागरण गराउनु पर्नेमा सोचनीय विषय बन्न थालेको छ। त्यसैगरी यस जातिका पुरुषले कालो टोपी, सेतो भोटो, कालो स्टकोट र सेतो कछाड र महिलाले रातो मखमलको चोली, घलेक, मजेत्रो, छिटको गुन्यू, हरियो पटुका, पोते, बुलाकी, मुन्द्री आदि लगाउँछन्।

### *शिक्षादीक्षाको सिलसिला*

पूर्व प्राज्ञ एवम् वरिष्ठ साहित्यकार डा. टीकाराम पन्थीका दलाने पाठशालाका आदरणीय गुरु काहिँला घर्ती थिए (पन्थी, २०६१, पृ. ३६)। गुल्मीको भाडगाउँमा राना, पुन र घर्तीका एक एक घर गाउँको पुछारमा थिए। घर्तीको एक घरमा तिनै काहिँला घर्ती हुन्। राणाकालको अन्त (१९९८) तिर यिनको दलान पाठशालासरह थियो। यो दलानमा तल्लो गाउँका ब्राह्मण, खत्री, मगर र कुमालका छोराहरूले पढ्दथे। उनी यस समाजका शिक्षित व्यक्तित्व मानिन्थे। उनले ठुलो वर्णमालामा सङ्ग्रहित तमसुक, भोगबन्धक, लेखबन्धक, दृष्टिबन्धक, अङ्कगणितमा गुणा, पञ्चाङ्गमा बार, तिथि र नक्षेत्र आदि पढाउँथे। उनी मुहुर्तविद् ज्योतिष थिए (पन्थी, २०६१, पृ. ३७)। आफ्नै घरमा रहेका

'ज्योतिषसार' र 'समुद्रलहरी' जस्ता ग्रन्थ उनलाई कण्ठस्थ थियो। भाडगाउँको खड्ग मन्दिरमा पूजारी घर्ती नै हुनुपर्ने चलन थियो। १९७५ सालमा यहाँको जनप्रशासन पनि घर्तीकै हातमा थियो। यसरी भाडगाउँका घर्ती शिक्षक, ज्योतिष, प्रशासक र पूजारी समेत थिए। १९८० सम्म भाडगाउँमा लग्न निकाल्ने, चिना लेख्ने र चिना हेर्ने काम घर्तीबाटै हुन्थ्यो। ती चिनाहरू आज पनि पाइन्छन् (पन्थी, २०६१, पृ. ३८)।

गुल्मीकै धुर्कोट डाँडाथोक मौजा (गैराखर्क) का कमानसिंह घर्ती र भुलिवाङका शिवलाल घर्ती भनभनेमै पहिलो अङ्ग्रेजी जान्ने र पढाउने हुनुहुन्थ्यो। कमानसिंहले आसाममा पढ्नु भएकोले दीपक मिडिल स्कुलमा पहिलो अङ्ग्रेजी शिक्षक हुनुहुन्थ्यो। त्यस बेला वरपर रहेका चार गाउँका कानुनी लिखतहरू उहाँले नै लेख्नुहुन्थ्यो भने केही समय गाउँ पञ्चायतको सचिवको रूपमा पनि काम गर्नु भएको थियो। साथै समान्य ज्योतिषको काम पनि गर्नुहुन्थ्यो। यसै शिक्षालयमा भनभनेकै कुलबहादुर घर्ती र निमबहादुर घर्तीले पनि शिक्षण पेशाबाटै सेवा निवृत हुनु भएको छ। त्यसैगरी २०४५ साल श्रीपञ्चमीको दिनमा बालबोध प्रा.वि.को आरम्भ गर्दा तत्कालीन वडा अध्यक्ष धनबहादुर घर्तीको विशेष भूमिका रहेको पाइन्छ (चन्द्रकान्त पन्थी, ७८ र धनबहादुर घर्ती, ७७ सँगको छलफल, २०७८)।

## *संस्कार संस्कृति*

यो जातिका भाषा, संस्कार, संस्कृति, कला, गला आदि तनहुँ तथा नवलपरासीमा जीवन्त पाइन्छ। स्थानीय स्तरमा बाहुल्यता भएका मगर, क्षेत्री, जिसी, गुरुङ, राना, थापालगायतसँग समाहित हुँदै जाँदा आफ्ना संस्कार संस्कृतिहरू पनि हराउँदै गएको देखिन्छ। भेषभुषा, भाषा, भोगाइ, भनाइ, संस्कार, संस्कृति आदिको अवलम्वन तथा विस्तार गर्ने कार्यहरूको निरन्तरता देखिन्छ। घर्ती/भुजेल परम्परागत 'शमानी धर्म' वा प्रकृतिपूजक र धामीझाँक्री मान्ने जाति हो। यो समुदाय पितृपूजा, प्रकृतिपूजाजस्ता चाडपर्वमा विश्वास गर्छ। पुर्खाहरूले प्रारम्भिक कालदेखि आफ्ना परिवार, गाईवस्तु, वालीनालीहरू र मानवजातिको रक्षाका लागि सूर्य, वायु, जल, जमीन र जङ्गलको पूजा गर्दै आएका थिए। सुरुसुरुमा सामुहिक रूपमा प्रकृति पुजनको आयोजना गरिन्थ्यो भने वि.सं. १३७२ पछि आएर एकल पारिवारिक रूपमा यस पूजाको आयोजना गरिदै आयो। अझै पनि घर्ती/भुजेल धामीझाक्रीहरू र बुढापाकाहरूले आआफ्नो स्थानमा गोठपूजा, कुलपूजा, झाक्रीपूजाको रूपमा प्रकृतिपूजा गर्दै आएका छन्। नजिकको जातिको प्रभावमा परि त्यस्तै चालचलन, संस्कार, संस्कृति, मेला, पर्व मान्ने र उसकै थरउपथरसमेत लेख्ने र नातासम्बन्ध पनि कायम गर्दै जानेजस्ता क्रियाकलापले आफ्नो संस्कार, संस्कृति, इतिहास, परम्परा, चालचलन, पर्व, भाषा, भेषभुषा आदिको स्थिति धराशायी हुँदै गएको छ। तम्घाँसका भुजेलहरूले कुलपूजा गर्दा मैते धामी घर्ती र दुधे लामालाई आफ्नो पुर्खा मानेर मूर्ति स्थापित गरी प्रत्येक तीन वर्षमा आफ्नै बारीमा पूजाआजा गर्दै आएका छन् (घर्ती, २०६७, पृ.२०)। अहिले आएर जन्म, मृत्यु, विवाह आदि संस्कार आफ्नै जातिकै पूजारामेबाट गर्ने प्रचलन बढेको छ।

## *जीवन दर्शनहरू*

यो समुदायमा रहेको मान्यता/दर्शनका बारेमा पनि उल्लेख गर्न उचित लागेको छ। मानव जीवन सामान्यतया आफैँ चलेको देखिन्छ। जीवनमा आत्मा हुन्छ। त्यसलाई सुख र शान्त राखिनु पर्दछ। कसैको आत्मालाई दुःखी तुल्याउनु हुँदैन। अरुको आत्मालाई रुवाउँने काम गरियो भने आफ्नो आत्माले पनि शान्ति पाउँदैन। हाम्रो आत्मा मरिसकेपछि परमात्मा बन्दछ भन्ने मान्यता बलियो रहेको पाइन्छ। अरूलाई कुभलो चिताउने कुनै पनि कार्य गर्न गराउँनु हुँदैन। यसो गर्दा महापाप लाग्छ। पाप लागेमा आफ्ना सन्तान दरसन्तालाई कहिल्लै राम्रो हुन सक्तैन। आफ्नो मात्र फाइदा हुने कामहरू गर्दा अरुलाई अप्ठेरो पार्नु हुँदैन। कसैको चित्त दुख्ने गरी बोल्नु र व्यवहार गर्नु पनि पाप हो। पापी काम गरियो भने अवश्य पनि पुण्य कमाउन सकँदैन। पूण्य भनेको मान्छे मरेपछि सँगै लैजाने कर्म हो भने बाँचेका वा जन्मेकालाई छोड्ने सम्झनाको उपहार पनि हो। राम्रो काम गरियो भने राम्रो कूलमा जन्म हुन्छ र नराम्रै गरिएको छ भने पशुपंक्षी वा राक्षस भएर पनि जन्मिन्छ भन्ने मान्यता राखिएको छ।

आफ्नो कूल, धर्म र परम्परालाई मान्नुपर्दछ भन्ने कुरामा सत्यता रहेको छ। सबैभन्दा ठुलो आफ्नो कुलपूजा हो भनेर टाढाटाढाबाट आउने गरेका छन्। कुलका देवता रिसाए भने हामीलाई राम्रो हुँदैन । उनीहरूलाई खुसी पार्नुपर्दछ। यसरी कुल पितृहरूको पनि सम्झना गरिनु–पर्दछ भन्ने मान्यता रहिआएको छ। यसले आफ्नो जातीय संस्कारलाई जीवन्त तुल्याएको छ । पुरानो पुस्ताका जीवन दर्शनहरू तल्लो पुस्तामा पुस्तान्तरण गर्ने काम पनि यसै बेला हुने गर्दछ। बाहिर जेजस्तो भन्ने गरे तापनि खासखास कार्य जस्तै– विवाह व्रतबन्ध, जन्म, मृत्यु, कुलपूजा आदिमा आफ्नै जातिको पुराना संस्कारअनुसार गर्ने गराउने पनि गरिएको छ। मागी विवाह गर्दा जति टाढा भए पनि आफ्नै जाति खोजेर गरिन्छ। जन्म, मृत्यु संस्कार पनि आफ्नै परम्परा अनुकूल छुट्टै किसिमको रहेको छ।

### *निष्कर्ष*

सीमान्तकृत समुदाय/जातिलाई उपलब्ध सेवा र सुविधाहरू यो जातिले सिमितस्तरमा मात्र उपयोग गरेको पाइन्छ। माथिको अध्ययनबाट विभिन्न क्षेत्रका घर्ती/भुजेलको अवस्थालाई अध्ययन गर्न इच्छुक वर्ग वा समुदायलाई प्रोत्साहित गर्नुपर्ने देखियो । अग्र स्थानमा छु भन्नेहरूमा आत्मरति, लघुताभाष र आफ्नो पहिचान लुकाउने प्रवृत्तिले जरा गाडेकै छ । यस समुदायका सवालहरू लोपोन्मुख अवस्थामा घचेटिएका छन् । यिनै चालचलन, संस्कार संस्कृतिलाई संरक्षण गर्ने आवश्यकता महसुस सबैतिर गरिएको छ। जनजातीय सिप र सृजना तथा रीतिरिवाज र चालचलनलाई यथोचित सम्मान र परिमार्जनका लागि समय सापेक्ष रूपमा अनुशिक्षण, गोष्ठी, तालिमजस्ता कार्यहरू गरिनुपर्दछ । यस जातिका अगुवा, अग्रज, लब्धप्रतिष्ठित, समाजसेवी र जाने बुझ्केकाहरूले आफ्नो समुदायका सदस्यहरूलाई सकारात्मक नमूना बनेर देखाउनुपर्दछ । साथै यो वर्गको ऐतिहासिक अस्तित्त्व, महत्त्व र पहिचानलाई जगेर्ना गर्नु समाज र संस्कारको दायित्व पनि हो र यसबाट सबैलाई हित हुनेछ।

### *सन्दर्भ सामग्रीहरू*


उपाध्याय, श्रीरामप्रसाद (२०५५). *नेपालको इतिहास.* काठमाडौं : रत्न पुस्तक भण्डार।

गुल्मेली समाज (२०६२). *गुल्मी परिचय.* काठमाडौं : गुल्मेली समाज।

घर्ती, विष्णु(२०६७). *घर्ती/भुजेलहरू.* गुल्मी : भुजेल समाज सेवा समिति।

जी.सी., झपेन्द्र (२०६९). *हिँड्दा हिँड्दै.* पाल्पा : भगवती जी.सी.।

दर्लामी, जेबी (२०७७). *नेपालको राजनीतिमा अर्घाखाँची.* अर्घाखाँची : विष्णु बहादुर सिंह।

दिक्पाल, राजकुमार (२०७६). *आदिबासी विद्रोहको इतिहास.* काठमाडौं : मञ्जरी पब्लिकेसन।

नेपाल, ज्ञानमणि (२०४०). *नेपाल निरुक्त.* ललितपुर : साझा प्रकाशन।

पन्थी, टीकाराम (२०६१). *स्मरणीय गुरु काहिँला घर्ती.* गुल्मी : भाडगाउँ दर्पण।

भुजेल, अमृतसिंह (२०६२).*भुजेल जाति र जीवन पद्धति.* काठमाडौं : भुजेल समाज, के.स.।

भुजेल जाति अध्ययन मञ्च (२०६२). 'भुजेल जागरण'. वर्ष १. अंक १।

भुजेल, बाबुराम र तामाङ, अमृत (२०५८). *भुजेल जाति र भाषा.* काठमाडौं : भुजेल समाज।

सुवेदी, राजाराम (२०५५). *गुल्मीको ऐतिहासिक झलक.* गुल्मी : किरण पुस्तकालय।

भुजेल जाति अध्ययन मञ्च (२०६२). भुजेल जागरण, वर्ष १. अङ्क १।

www.election.gov.np .

www.cbs.gov.np .

विभिन्न समाचार. पत्रपत्रिका तथा सञ्चार माध्यमहरू।